# नेपाली भाषा शिक्षणमा व्यवहारवादी सिकाइ सिद्धान्तको उपयोगिता र चुनौती

✍ **दिलबहादुर परियार**
**सौठा बहुमुखी क्याम्पस**
*ORCID ID: 0009-0002-5226-7527*

**लेखसार**

*प्रस्तुत अध्ययन नेपाली भाषा शिक्षणमा स्किनरको व्यवहारवादी सिकाइ सिद्धान्तको उपयोगिता र यसले सिर्जना गरेका व्यावहारिक चुनौतीहरूको विश्लेषणमा केन्द्रित छ । गुणात्मक अनुसन्धान ढाँचा तथा पुस्तकालयीय अध्ययन प्रक्रिया अपनाइएको यस अध्ययनमा विभिन्न द्वितीयक स्रोतबाट प्राप्त सामग्रीका आधारमा व्यवहारवादी सिद्धान्तका विविध पक्षहरूको समीक्षा गर्दै यसको व्यावहारिक उपयोगिताको मूल्याङ्कन गरिएको छ । नेपाली भाषा शिक्षणको प्रारम्भिक चरणमा शुद्ध उच्चारण, वर्णविन्यास, शब्दभण्डार विकास र व्याकरणका नियमहरूको पुनरावृत्ति एवम् अभ्यासका लागि उद्दीपक, प्रतिक्रिया र पुनर्बल जस्ता व्यवहारवादी मान्यताहरू प्रभावकारी देखिएका छन् । यद्यपि, विद्यार्थीको सिर्जनशीलता, स्वतन्त्र अभिव्यक्ति, आलोचनात्मक चिन्तन र उच्च तहको संज्ञानात्मक क्षमता विकासमा यसको योगदान सीमित रहनु तथा सिकारुको सक्रिय सहभागिताभन्दा प्रतिक्रियात्मक व्यवहारमा बढी जोड दिनु यसका प्रमुख चुनौतीहरू हुन् । 'रिलेसनल फ्रेम थ्योरी' को आधुनिक दृष्टिकोणबाट विश्लेषण गर्दा मानव भाषा केवल बाह्य उत्तेजना र प्रतिक्रियाको उपज मात्र नभई एक सम्बन्धात्मक र संज्ञानात्मक प्रक्रिया पनि हो भन्ने पुष्टि हुन्छ । तसर्थ, नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउन प्रारम्भिक सिप विकासका लागि व्यवहारवाद र उच्च भाषिक सिप तथा समालोचनात्मक सोचका लागि संज्ञानात्मक एवम् सामाजिक-सांस्कृतिक सिद्धान्तको सन्तुलित प्रयोग आवश्यक रहेको निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्द** : क्रियापरक सम्बन्ध प्रत्यावर्तन, नेपाली भाषा शिक्षण, पुनर्बल, व्यवहारवादी सिद्धान्त ।

## पृष्ठभूमि

कुनै पनि प्रकारको तालिम, प्रशिक्षण वा शिक्षणद्वारा व्यक्तिको जीवनमा आउने स्थायी र सकारात्मक परिवर्तनलाई सिकाइ भनिन्छ । सिकाइ वृद्धि, विकास र परिवर्तनको सक्रिय मानसिक प्रक्रिया हो (शर्मा एन्ड शर्मा, २०७२ पृ. २६५) । सिकाइका लागि मुख्य रूपले सैद्धान्तिक ज्ञान, व्यावहारिक सिप र सकारात्मक धारणाको आवश्यकता पर्दछ । सिकाइका सन्दर्भमा व्यवहारवादी तथा मनोवादी धारणाहरू विकसित भएका छन् । भाषा शिक्षणलाई प्रभावकारी बनाउन विभिन्न सिद्धान्तहरूको प्रयोग गरिँदै आएको सन्दर्भमा व्यवहारवादी सिकाइ सिद्धान्तलाई सबैभन्दा जेठो,

व्यवस्थित र व्यावहारिक मानिन्छ । यस सिद्धान्तअनुसार भाषा शिक्षणले विद्यार्थीहरूलाई वास्तविक जीवनमा आवद्ध हुने क्षमता, सामाजिक योग्यता, सञ्चार कौशल र व्यावहारिक कौशलहरू विकसित गर्न सहयोग गर्दछ । वस्तुगत अध्ययन विधिद्वारा प्राणीका व्यवहारहरूको अध्ययन गर्ने मनोवैज्ञानिक सोचलाई व्यवहारवाद भनिन्छ । यसले प्राणीका व्यवहारको अध्ययनमा वस्तुगत पक्षलाई स्वीकार्छ (शर्मा एन्ड शर्मा, २०७२) । विभिन्न मनोवैज्ञानिकहरूले मानव तथा जनावरहरूको व्यवहारको अध्ययन गरी सिकाइका मान्यता प्रस्तुत गरेका छन् । भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो (अधिकारी र शर्मा, २०६१ पृ. ३) । भाषालाई कुशल ढङ्गले व्यवहार गर्ने कला नै भाषिक सिप हो ।

मनोविज्ञानको क्षेत्रमा सन् १९१३ मा जे. बी. वाट्सनले व्यवहारवादको स्थापना गरेका हुनाले उनलाई व्यवहारवादका पिता मानिन्छ । बी. एफ. स्किनर, जे. बी. वाट्सन, हल, थर्नडाइक जस्ता मनोवैज्ञानिकका सिद्धान्तहरूमा आधारित यस दृष्टिकोणले सिकाइलाई बाह्य वातावरण, उत्तेजना, प्रतिक्रिया र पुनर्बलको शृङ्खलाका रूपमा व्याख्या गर्दछ । यस सिद्धान्तका अनुसार भाषा सिकाउनु भनेको बानीको निर्माण गर्नु हो, जुन निरन्तर अभ्यास, अनुकरण र उपयुक्त पृष्ठपोषणबाट सम्भव हुन्छ । नेपाली भाषा शिक्षणको इतिहास र वर्तमान अभ्यासलाई हेर्दा व्यवहारवादी सिद्धान्तको प्रत्यक्ष प्रभाव स्पष्ट रूपमा देखिन्छ । प्रारम्भिक तहमा वर्णमालाको पहिचान, अक्षर संरचना, शब्द उच्चारण, र शुद्ध लेखन (वर्णविन्यास) सिकाउन यो सिद्धान्त अत्यन्त उपयोगी मानिन्छ । शिक्षकले कक्षाकोठामा गराउने अनुकरणात्मक उच्चारण, कण्ठस्थीकरण र सही उत्तरबापत दिइने पुरस्कार वा प्रशंसा (पुनर्बल) यसकै व्यावहारिक रूपहरू हुन् । आधुनिक भाषावैज्ञानिक र शैक्षिक चिन्तकहरूले भाषा सिकाइलाई केवल यान्त्रिक बानी निर्माणको रूपमा मात्र हेर्नु नहुने तर्क पनि गर्छन् । मानव मस्तिष्कमा जन्मजात रूपमै भाषा आर्जन गर्ने क्षमता हुन्छ भन्ने नोम चोम्स्कीको सहजतावादी दृष्टिकोण, पियाजेको संज्ञानात्मक सिद्धान्त, र भिगोत्स्कीको सामाजिक-सांस्कृतिक सिद्धान्तले व्यवहारवादका सीमाहरूलाई उजागर गरेका छन् । मानव भाषा अत्यन्त जटिल र सिर्जनात्मक हुन्छ; यसलाई केवल बाह्य उत्तेजना र प्रतिक्रियाको ढाँचामा मात्र सीमित गर्न सकिँदैन । भाषा सिकाइका विभिन्न सिद्धान्तहरूले कक्षाकोठाको व्यावहारिक शिक्षण विधिलाई प्रत्यक्ष प्रभाव (लाइटबाउन र स्पाडा, २०१३) पारेका हुन्छन् । नेपाली भाषा शिक्षणमा पनि व्याकरणका नियम कण्ठ गर्न लगाउने तर विद्यार्थीले आफ्ना मौलिक भावना अभिव्यक्त गर्न नसक्ने समस्या टड्कारो रूपमा देखिन्छ । यस सन्दर्भमा, नेपाली भाषा शिक्षणको वर्तमान कक्षाकोठाको परिवेशमा व्यवहारवादी सिद्धान्तको उपादेयता कति छ र यसले कस्ता चुनौतीहरूको सामना गरिरहेको छ भन्ने कुराको खोजी गर्नु आवश्यक देखिएकाले यो अध्ययन अघि बढाइएको हो । तसर्थ नेपाली भाषा शिक्षणका सन्दर्भमा व्यवहारवादी सिकाइ सिद्धान्तको उपयोगिता र यसका चुनौतीहरूको समीक्षा गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अनुसन्धान प्रश्न

नेपाली भाषा शिक्षणमा व्यवहारवादी सिकाइ सिद्धान्तका प्रमुख उपयोगिता र चुनौतीहरू के-के छन् ?

## सम्बद्ध कार्यको पुनरावलोकन

भाषा शिक्षण र सिकाइ सिद्धान्तको अन्तरसम्बन्धलाई लिएर अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा विभिन्न अध्ययनहरू भएका छन् । बी. एफ. स्किनरको क्रियापरक सम्बन्धप्रत्यावर्तन सिद्धान्तको उपादेयतामाथि विमर्श गर्दै नवि र नोर्दिन (२०२५) ले आफ्नो अनुसन्धानमा यो सिद्धान्त विशेष गरी प्रारम्भिक तहका विद्यार्थीको बानी निर्माण र कक्षाकोठा व्यवस्थापनमा निकै प्रभावकारी रहेको निष्कर्ष निकालेका छन् । सो अध्ययनका अनुसार उपयुक्त सकारात्मक पुनर्बल र निरन्तरको भाषिक अभ्यासले विद्यार्थीमा तुरुन्तै अपेक्षित भाषिक व्यवहार परिवर्तन ल्याउन सक्छ । तथापि, मानव भाषा र संज्ञानको दायरा केवल यतिमा मात्र सीमित नरहेको तर्क पनि उत्तिकै बलियो देखिन्छ । यसै सन्दर्भमा हेयज, बार्न्स-होम्स र रोच (२००३) ले आफ्नो अनुसन्धान पत्रमा 'रिलेसनल फ्रेम थ्योरी' को जगमा उभिएर मानव भाषामा सम्बन्धात्मक प्रतिक्रिया हुने कुराको पुष्ट्याइँ गरेका छन् । उनीहरूको निष्कर्षअनुसार मानिसले कुनै कुराको प्रत्यक्ष अनुभव वा बाह्य पुनर्बल विना नै सम्बन्धहरू स्थापित गरेर भाषाका नयाँ वाक्य र अर्थहरूको निर्माण गर्न सक्छ, जसले व्यवहारवादको यान्त्रिक सीमालाई स्पष्ट चुनौती दिन्छ । लाइटबाउन र स्पाडा (२०१३) ले पनि बालबालिकाको प्रारम्भिक भाषा सिकाइमा अनुकरण र अभ्यासको भूमिकालाई व्यवहारवादी कोणबाट व्याख्या गर्दै दोस्रो भाषा सिकाइका सिद्धान्तहरूसँग यसको तुलनात्मक विमर्श गरेका छन् । नेपाली भाषा शिक्षणको परिवेशलाई नियाल्दा यहाँको कक्षाकोठामा परम्परागत रूपमा प्रयोग गरिने व्याकरण-अनुवाद विधि र कण्ठस्थीकरण पद्धति धेरै हदसम्म व्यवहारवादी ढाँचासँगै मिल्दोजुल्दो रहेको पाइन्छ । नेपाली भाषा शिक्षणका क्षेत्रमा भएका विभिन्न प्राज्ञिक अध्ययनहरूले प्राथमिक तहमा अक्षर संरचना, वर्णविन्यास (शुद्धलेखन) र उच्चारण सुधारका लागि अभ्यास र अनुकरणलाई अपरिहार्य औजारका रूपमा स्विकारेका छन् । यद्यपि, आधुनिक नेपाली शिक्षाशास्त्रीय अनुसन्धानहरूले वर्तमान समयमा नेपाली भाषा शिक्षण केवल व्याकरणका नियम घोक्ने र परीक्षा केन्द्रित बन्ने रोगबाट ग्रसित भएको औँल्याएका छन् । विद्यार्थीहरूले व्याकरणका नियमहरू कण्ठ गर्न सक्ने भए तापनि तिनलाई नयाँ र सिर्जनात्मक सन्दर्भमा प्रयोग गरी आफ्ना मौलिक विचारहरू अभिव्यक्त गर्न नसक्नुले व्यावहारिक चुनौतीलाई देखाउँछ । यसले नेपाली भाषा शिक्षणमा व्यवहारवादको उपयोगिता प्रारम्भिक सिप विकासमा उच्च रहे पनि माध्यमिक र उच्च तहको सिर्जनात्मक लेखन तथा समालोचनात्मक क्षमता विकासमा यो दृष्टिकोण अपूर्ण रहेको सङ्केत गर्दछ । व्यवहारवाद र आधुनिक भाषाविज्ञानको सैद्धान्तिक द्वन्द्व र दार्शनिक पक्षमा धेरै विमर्श भएको छ । नेपाली सन्दर्भमा पनि भाषा शिक्षणका विविध विधिको सामान्य चर्चा त

गरिएको छ, तर कक्षाकोठाको परिवेशमा व्यवहारवादका सकारात्मक पक्ष (उपयोगिता) र यसका व्यावहारिक चुनौतीहरूलाई एउटै अध्ययनमा केन्द्रित गरेर समीक्षा गरेको पाइँदैन । अतः अन्तर्राष्ट्रिय सिद्धान्त र नेपाली कक्षाकोठाको व्यावहारिक यथार्थबिचको यही रिक्ततालाई पूर्ति गर्न प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

## अध्ययनको सीमा

यस अध्ययनमा व्यवहारवादी सिद्धान्तको सामान्य परिचय दिई व्यवहारवादी मनोवैज्ञानिकहरूमध्ये स्किनरको व्यवहारवादी मान्यताको नेपाली भाषा शिक्षणमा प्रयोग र अभ्यासको सन्दर्भलाई लेखमा सीमाङ्कन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अनुसन्धानको वैचारिक तथा विश्लेषणात्मक जगलाई सुदृढ बनाउन बी. एफ. स्किनरको 'क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिद्धान्त' लाई मुख्य सैद्धान्तिक पूर्वाधारका रूपमा ग्रहण गरिएको छ । व्यवहारवादी सिद्धान्तको यो हाँगाले प्राणी वा जनावरको सिकाइ प्रक्रिया बाह्य वातावरणमा आधारित हुने र व्यवहारलाई पुनर्बलमार्फत् नियन्त्रण एवम् परिमार्जन गर्न सकिने वकालत गर्दछ । बी. एफ. स्किनरको दृष्टिकोणले मनोविज्ञान र शिक्षण सिकाइको क्षेत्रमा व्यवहार परिमार्जन र कक्षाकोठा व्यवस्थापनका लागि क्रान्तिकारी प्रभाव छाडेको देखिन्छ (चेरी, सन् २०२२) । भाषा शिक्षणका सन्दर्भमा स्किनरले आफ्नो प्रसिद्ध पुस्तक 'भर्बल बिहेभियर' मा भाषालाई एक प्रकारको मौखिक व्यवहारका रूपमा व्याख्या गरेका छन्, जुन अन्य भौतिक व्यवहारहरू जस्तै अनुकरण, अभ्यास र वातावरणीय उद्दीपकहरूको प्रतिक्रियास्वरूप आर्जन हुन्छ । नेपाली भाषा शिक्षणको कक्षाकोठामा विद्यार्थीले गर्ने भाषिक गल्तीहरूको सुधार, सही उच्चारणको विकास र व्याकरणका नियमहरूको प्रयोगलाई यही सिद्धान्तको परिधिभित्र खोजिएको छ । यस सिद्धान्तका प्रमुख स्तम्भहरू जस्तै- सकारात्मक पुनर्बल, नकारात्मक पुनर्बल र व्यवहार निर्माण प्रविधिलाई नेपाली भाषा शिक्षण प्रक्रियासँग जोडेर विश्लेषण गर्ने प्रयास गरिएको छ । यसका साथै, व्यवहारवादी सिद्धान्तको परम्परागत र यान्त्रिक सीमालाई वस्तुपरक ढङ्गले मूल्याङ्कन गर्नका लागि यस अनुसन्धानमा 'रिलेसनल फ्रेम थ्योरी' को आधुनिक दृष्टिकोणलाई पनि सहायक पूर्वाधारका रूपमा जोडिएको छ । हेरेज र अन्य (सन् २००१) का अनुसार बालबालिकाहरूले कुनै प्रत्यक्ष बाह्य पुनर्बलविना नै शब्दहरूबिच नयाँ सम्बन्धहरू स्थापित गरेर भाषाका नयाँ वाक्य र अर्थहरूको निर्माण गर्न सक्छन् । यसले मानव भाषा र संज्ञानको विकास केवल प्रत्यक्ष पुनर्बलबाट मात्र नभई सम्बन्धात्मक प्रतिक्रियाका माध्यमबाट हुने पुष्टि गर्दछ । अतः प्रस्तुत अध्ययनले स्किनरको व्यवहारवादलाई नेपाली भाषा शिक्षणको व्यावहारिक र अभ्यासगत उपयोगिता र प्रयोगका क्रममा देखा पर्ने संज्ञानात्मक तथा सिर्जनात्मक चुनौतीहरूलाई केलाएको छ ।

## शोधविधि

प्रस्तुत अध्ययनको प्रकृति, उद्देश्य र अनुसन्धान प्रश्नहरूलाई सम्बोधन गर्नका लागि गुणात्मक अनुसन्धान पद्धतिको अवलम्बन गरिएको छ । यो अध्ययन मुख्य रूपमा पुस्तकालयीय कार्यमा आधारित रहेको छ । प्राथमिक रूपमा कुनै निश्चित क्षेत्रको स्थलगत सर्वेक्षण गर्नुको सट्टा स्थापित सिद्धान्तहरू, पुराना अनुसन्धान पत्रहरू, जर्नलहरू र भाषा शिक्षणका पुस्तकहरूलाई तथ्यको मुख्य स्रोतका रूपमा ग्रहण गरिएको छ । विशेष गरी बी. एफ. स्किनरको क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिद्धान्तसँग सम्बन्धित प्राज्ञिक सामग्रीहरूको प्रयोग गरी भाषा शिक्षणमा परेको प्रभावको बहुपक्षीय विश्लेषण गरिएको छ । प्राप्त डाटाहरूको विश्वसनीयता सुनिश्चित गर्नका लागि विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्रोतहरूबाट उपलब्ध तथ्यहरूलाई एकापसमा भिडाई क्रस-भेरिफिकेसनसमेत गरिएको छ । नेपाली भाषा शिक्षणको पाठ्यपुस्तक, पाठ्यक्रम र शिक्षण शैलीमा व्यवहारवादको प्रयोगलाई देखाउने प्राज्ञिक लेखहरूलाई मात्र अध्ययनको दायराभित्र समेटिएको छ । सङ्कलित गुणात्मक सामग्री, विचार र तर्कहरूलाई विषयवस्तु विश्लेषण विधिद्वारा वर्गीकरण गरिएको छ । प्राप्त तथ्यहरूलाई उपयोगिता र चुनौतीका वैचारिक ढाँचामा विभाजन गरेर तार्किक रूपमा व्याख्या, विश्लेषण र अर्थापन गरिएको छ ।

## छलफल र प्राप्ति

### बि. एफ स्किनरको व्यवहारवादी सिकाइ मान्यता

भाषाको सिकाइ अनुभवका आधारमा हुन्छ भन्नु व्यवहारवादी सिद्धान्त हो । यसले भाषा सिकाइमा अभ्यास र पुनरावृत्तिलाई जोड दिन्छ । यस सिद्धान्तले सन् १९६० सम्म व्यापकता पाएको थियो । यो सिद्धान्त स्किनरको मुसा र परेवामाथि गरिएको परीक्षणमा आधारित छ । यसमा उद्दीपन, प्रतिक्रिया र सबलीकरण गरी ३ ओटा चरण रहेका छन् (भण्डारी र पौडेल, २०६८ पृ. १३५) । व्यवहारवादीहरूले भाषा सिकाइलाई सहज रुपमा नमानी नियन्त्रित प्रक्रिया ठानेका छन् । व्यवहारवादीका अनुसार भाषिक ज्ञान नैसर्गिक प्राप्ति होइन परिवेश, वातावरण, अनुभव र व्यवहारको उपज हो । यसरी हेर्दा व्यवहारवादी सिद्धान्त संरचनात्मक भाषाविज्ञानसँथ सम्बन्धित देखिन्छ । व्यवहारवादी सिकाइ सिद्धान्तको विकासमा बि. एफ् स्किनरको महत्त्वपूर्ण भूमिका रहेको छ । उनको जन्म २० मार्च १९०४ मा अमेरिकामा भएको हो । उनी पनि एक दार्शनिक र मनोवैज्ञानिक तथा लेखक हुन् । उनले मुसा र परेवा जस्ता प्राणीमा प्रयोग गरी सिकाइमा वातावरणको प्रभाव पर्ने र सिकारुलाई पुनर्बलकासाथ उचित वातावरण दिन सके सिकाइ वा बानीको विकास गर्न सकिने कुरा स्पष्ट पारेका छन् ।

स्किनरको सिकाइ सिद्धान्तलाई अङ्ग्रेजी समकक्षीरूपमा operant conditioning, S-R theory with Reinforcement पनि मानिन्छ । नेपालीमा यसलाई क्रियापरक सिकाइ सिद्धान्तका नामले चिनिन्छ । उत्तेजनालाई पुनर्बलयुक्त बनाई पुनर्बलयुक्त उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई

क्रियाशील बनाउदै सिकाइ प्रक्रियालाई सफल पार्नु यस सिद्धान्तको मुख्य उद्देश्य हो (शर्मा एन्ड शर्मा, २०७२) । कुनै सिकाइ सिक्नका लागि आफू क्रियाशील हुनुपर्छ । त्यस्ता व्यवहारहरू जो प्राकृतिक रूपमा हुन्छन्, त्यसका लागि उद्दीपकको आवश्यकता पर्दैन । जस्तै उनको प्रयोगमा भएको मुसाले भोक लागेपछि खानाका खोजी गर्नु, शरीर थाकेपछि निद्रा लाग्नु आदि अवस्थालाई लिन सकिन्छ । त्यसैगरी कुनै पनि व्यवहार उत्तेजनाका कारणबाट देखा पर्छ । उद्दीपकको साहचर्यबाट उत्पन्न हुने व्यवहारलाई यसको उदाहरण मान्न सकिन्छ । जस्तै : प्याभलभको प्रयोगमा घण्टी बजाउँदा कुकुरले र्याल चुहाउनु (भट्टराई, २०७४) । प्राणी मनोविज्ञान र शारीरिक क्रियाकलापको अध्ययनबाट मानवीय व्यवहारको अध्ययन गर्नु, अवलोकनका आधारमा मानवीय व्यवहारको व्याख्या र विश्लेषण गर्न सकिनु, कार्यकलाप र प्रगतिवादलाई स्विकार गर्नु, शारीरिक, मानसिक, प्रत्यक्ष र व्यावहारिक वस्तुगत तथ्यहरूमा विश्वास राख्नु, व्यवहारलाई Sensory and Motor Activity ठान्नु, सामान्य 'एसआर' सम्बन्धका आधारमा व्यवहारको व्याख्या गर्नु, आदि व्यवहारवादी सिकाइका मूलभूत मान्यताहरू तथा विशेषताहरू हुन् (शर्मा एण्ड शर्मा, २०७२) । सिकाइलाई केवल पुनर्बलमा आधारित मान्नु , मानिसका आन्तरिक विशेषताको विश्लेषण गर्न नसक्नु, सामान्य व्यवहारको मात्र परिवर्तन गर्नु, जटिल व्यवहार परिवर्तन गर्न नसक्नु, उत्तजेना र प्रतिक्रियालाई मात्र महत्त्व दिनु आदिजस्ता यसका सीमाका कारण यो सिद्धान्तको आलोचना भएको देखिन्छ ।

कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनु पर्छ, तर त्यो उत्तेजना पुनर्बलयुक्त हुनुपर्छ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाई सिकाइ प्राप्त गर्न सकिन्छ । चाहेको व्यवहारमा अभ्यस्त गराउन सकिन्छ । सिकारुको व्यवहारलाई चाहे अनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहार (प्रतिक्रिया) प्रति ठीक समयमा नै पुनर्बल प्रदान गर्न नसक्दा त्यसको नकारात्मक असर पनि हुन सक्छ । नकारात्मक आदत वा आकार निर्माण हुन सक्छ । सामान्य परिणामको आँकलन गरी प्रतिक्रिया अनुसार पुनर्बल प्रदान गर्दै रहनु पर्छ ( शर्मा र शर्मा, २०६१) । वातावरणमा प्रतिक्रिया गर्दै जाँदा सिकारुले पुनर्बल प्राप्त गर्न सकेमा सिकाइ प्रभावकारी हुन्छ भन्ने मान्यता देखिन्छ । प्रतिक्रियाले सिकारुको प्रतिक्रियाको दरलाई बढाउछ र पछि यो बानीको रूपमा निर्माण भई सिकाइ हुने गर्दछ । पुरस्कार र दण्डको प्रयोगले व्यवहार परिवर्तन गर्न सकिन्छ । नेपालका सन्दर्भमा हामीले पुरस्कार र दण्डलाई वस्तुगत बनाउन सकेका छैनौ । कक्षामा नजान्ने विद्यार्थीलाई भाले बनाउने, पिट्ने त गर्छौ तर राम्रो गर्नेलाई पुरस्कार दिन पनि सकिरहेका छैनौ । राम्रो गर्नेले सधैं राम्रो गरे पनि कहिल्यै पुरस्कार नपाउदा र राम्रो गर्न खोज्ने अनि राम्रो गर्नै नसक्दा दण्ड नै पाउने निश्चित जस्तै भएपछि सिकारुले प्रतिक्रियाको दरलाई बढाउन सक्दैन । यस सिद्धान्तलाई विद्यार्थी आफ्नो सिटबाट घण्टी लागेपछि मात्रै बाहिर निस्कन पाउने नियम बनाउन सक्छौं । केही अवसरहरूमा विद्यार्थीहरूको योगदानलाई

सकारात्मक प्रोत्साहन गर्न सक्छौँ । नकारात्मक व्यवहारलाई सजाय दिनु अघि सकारात्मक व्यवहारलाई पुरस्कृत गर्न सकिन्छ । योजना निर्माण गर्न, शैक्षिक सामग्री निर्माण गर्न, शिक्षार्थीलाई सिकाइमा सक्रिय गराउन, कक्षाकोठामा पुर्नवलको व्यवस्थापन गर्न, अपेक्षित व्यवहार निर्माण गर्न आदि कार्यमा यस सिद्धान्तको प्रयोग गर्न सकिन्छ ।

**नेपाली भाषा शिक्षणमा व्यवहारवादी सिद्धान्तको उपयोगिता**

नेपाली भाषा शिक्षणको प्राथमिक वा आधारभूत तहमा व्यवहारवादी सिकाइ सिद्धान्तका मान्यताहरू अत्यन्तै उपयोगी र व्यावहारिक देखिएका छन् । भाषा शिक्षणको प्रारम्भिक चरण भाषिक सिपहरूको जग बसाल्ने समय भएकाले यस सिद्धान्तले मार्गदर्शन गरेको अनुकरण, पुनरावृत्ति र अभ्यासको भूमिका केन्द्रीय रहन्छ । नेपाली भाषा शिक्षणमा व्यवहारवादी सिकाइ सिद्धान्तको प्रयोग र यसका सीमाहरूका बारेमा केही महत्त्वपूर्ण निष्कर्षहरू फेला परेका छन् । प्राप्त परिणामहरूलाई अध्ययनको उद्देश्य अनुरूप व्यवहारवादी सिद्धान्तको उपयोगिता र यसका व्यावहारिक चुनौतीहरूका मुख्य वैचारिक ढाँचामा वर्गीकरण गरेर यहाँ सघन छलफल गरिएको छः

**शुद्ध उच्चारण र श्रुतिलेखन** : नेपाली भाषा ध्वनिप्रधान भाषा हो । प्राथमिक तहका बालबालिकालाई नेपाली वर्णहरूको शुद्ध उच्चारण सिकाउन शिक्षकले उद्दीपिकका रूपमा गर्ने आदर्श वाचन र विद्यार्थीले प्रतिक्रियाका रूपमा गर्ने सामूहिक वा वैयक्तिक अनुकरण प्रभावकारी हुन्छ । वर्णविन्यास (हिज्जे) को शुद्धताका लागि बारम्बार गराइने अभ्यासले विद्यार्थीको मस्तिष्कमा अक्षरको सही ढाँचा निर्माण गरिदिन्छ ।

**शब्दभण्डार विकास र अर्थबोध** : नयाँ र कठिन शब्दहरूको पहिचान तथा तिनको अर्थबोध गराउन व्यवहारवादीहरूको बानी निर्माणको सिद्धान्त सहयोगी बन्दछ । शब्द र चित्रबिचको सम्बन्ध देखाएर (जस्तैः क बाट कमलको चित्र जोडा मिलाउने कार्य) S–R (उत्तेजना-प्रतिक्रिया) सम्बन्ध बलियो बनाउन सकिन्छ, जसले गर्दा बालबालिकाले शब्द र वस्तुको सम्बन्ध सजिलै बुझ्दछन् ।

**व्याकरणीय नियमहरूको आन्तरिकीकरण** : नेपाली भाषाको व्याकरण शिक्षणमा प्रारम्भिक चरणमा रूपपरक अभ्यासको ठुलो महत्त्व हुन्छ । नाम, सर्वनाम, क्रियापद र लिङ्ग, वचन, पुरुषका आधारमा वाक्य परिवर्तन गर्ने प्राविधिक कुराहरू सिकाउन संरचनात्मक ढाँचाको बारम्बार अभ्यास गराउँदा विद्यार्थीहरू नियममा अभ्यस्त हुन्छन् ।

**पुनर्बलको सकारात्मक प्रभाव** : कक्षाकोठामा सही उत्तर दिने वा राम्रो अक्षर लेख्ने विद्यार्थीलाई शिक्षकले दिने तत्कालको पुरस्कार, स्याबास वा धेरै राम्रो जस्ता सकारात्मक पुनर्बलले उनीहरूमा सोही व्यवहार दोहोऱ्याउने उत्प्रेरणा जगाउँछ, जसले सिकाइको गतिलाई तीव्र बनाउँछ ।

बालबालिकाहरूले केवल शिक्षकको अनुकरण गरेर वा बानी निर्माणबाट मात्र नभई आफ्नै तरिकाले भाषिक नियमहरूको आन्तरिकरण गरेर भाषा सिक्छन् भन्ने कुरा आधुनिक भाषा

शिक्षणका अनुसन्धानहरूले पुष्टि गरेका छन् लाइटबाउन र स्पाडा (२०१३) । प्रस्तुत अनुसन्धानको विश्लेषणअनुसार, नेपाली भाषाको प्रारम्भिक सिप विकासमा बी. एफ. स्किनरको क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिद्धान्त अत्यन्तै प्रभावकारी औजारका रूपमा स्थापित भएको देखिन्छ । नेपाली वर्णमालाको पहिचान, संयुक्ताक्षरको शुद्ध लेखन र कठिन शब्दहरूको उच्चारण सिकाउन कक्षाकोठामा गरिने अभ्यास र पुनरावृत्तिको कुनै विकल्प देखिँदैन । यो प्रक्रियाले विद्यार्थीमा भाषिक बानीको निर्माण गराउन प्रत्यक्ष सहयोग पुऱ्याउँछ । अध्ययनले के देखाउँछ भने, प्राथमिक तहका विद्यार्थीहरूलाई नेपाली व्याकरणका आधारभूत नियमहरू (जस्तै- नाम, सर्वनाम, र कालका प्रकार) कण्ठ गराउन र सही रूपमा प्रस्तुत गर्दा शिक्षकले दिने तत्कालको सकारात्मक पुनर्बल जस्तै : स्याबासी, कापीमा तारा बनाइदिने वा प्रशंसा गर्ने आदि कार्यले विद्यार्थीको सिकाइ गतिलाई तीव्र बनाउँछ । यसका साथै, जटिल खालका भाषिक संरचनाहरू सिकाउन शिक्षकहरूले व्यवहार निर्माण प्रविधिको सफल प्रयोग गरिरहेको पाइन्छ । उदाहरणका लागि, विद्यार्थीलाई सिधै एउटा लामो निबन्ध लेख्न लगाउनुको सट्टा पहिले वर्ण, त्यसपछि शब्द, त्यसपछि सरल वाक्य र अन्त्यमा अनुच्छेद रचना गर्न सिकाउने श्रृङ्खलाबद्ध चरण व्यवहारवादकै सुन्दर उपहार हो । यसरी हेर्दा, नेपाली कक्षाकोठामा जग बसाल्न र विद्यार्थीमा आधारभूत भाषिक अनुशासन तथा यान्त्रिक शुद्धता ल्याउन व्यवहारवादी सिद्धान्तको उपादेयता आजको प्रविधिमैत्री युगमा पनि उत्तिकै बलियो र व्यावहारिक देखिन्छ ।

**नेपाली भाषा शिक्षणमा व्यवहारवादी सिद्धान्तका चुनौतीहरू**

नेपाली भाषा शिक्षणमा प्रारम्भिक सीप विकासका लागि व्यवहारवादी सिद्धान्त जति उपयोगी छ, उच्च तहको भाषिक क्षमता र सञ्चार कौशल विकासमा यसका चुनौती र सीमाहरू त्यत्तिकै गम्भीर छन् । नेपाली कक्षाकोठामा यसको प्रयोग गर्दा देखा पर्ने मुख्य चुनौतीहरू यसप्रकार छन् :

**सिर्जनशीलता र स्वतन्त्र अभिव्यक्तिमा अवरोध** : व्यवहारवादले यान्त्रिक अभ्यास र कण्ठीकरणमा बढी जोड दिने हुनाले यसले विद्यार्थीको मौलिकतालाई खुम्च्याउँछ । नेपाली भाषा शिक्षणको मुख्य ध्येय विद्यार्थीलाई साहित्य लेखन, निबन्ध, कथा वा स्वतन्त्र विचार अभिव्यक्तिमा सक्षम बनाउनु हो । तर यो सिद्धान्तले केवल तोकिएको उत्तेजनाको परिधिभित्र मात्र प्रतिक्रिया जनाउन सिकाउने हुँदा विद्यार्थीमा सिर्जनशील लेखनको विकास हुन सक्दैन ।

**उच्चस्तरीय संज्ञानात्मक क्षमताको उपेक्षा** : व्यवहारवादले मानिसको मानसिक वा संज्ञानात्मक पक्षलाई पूर्णतः उपेक्षा गर्छ । भाषा केवल बानीको उपज मात्र होइन, यो त विचार र चिन्तनको माध्यम हो । नेपाली भाषाका पाठहरूमा निहित दर्शन, भावबोध, समालोचकीय चिन्तन र चरित्र चित्रण जस्ता उच्च मानसिक क्षमताको विकास गराउन यो यान्त्रिक सिद्धान्त सर्वथा अपूर्ण देखिन्छ ।

**सिकारुको निष्क्रियता र यान्त्रिकता** : यस सिद्धान्तले कक्षाकोठामा शिक्षकलाई सर्वज्ञाता (सक्रिय वातावरण नियन्त्रक) र विद्यार्थीलाई केवल एक निष्क्रिय प्रतिक्रियाकर्ताका रूपमा उभ्याउँछ। भाषा सिकाइ एक जीवन्त र सामाजिक अन्तरक्रियात्मक प्रक्रिया हो, तर व्यवहारवादी ढाँचाले कक्षाकोठालाई पट्यारलाग्दो र नीरस बनाउने जोखिम रहन्छ, जसले गर्दा आधुनिक बालकेन्द्रित शिक्षण विधिको मर्ममा प्रहार हुन्छ।

**नयाँ र अपरिचित सन्दर्भमा भाषा प्रयोगको कठिनाइ** : स्किनरको बानी निर्माणको सिद्धान्तले अभ्यास गरिएका वाक्यहरूमा त निपुणता ल्याउला तर वास्तविक जीवनका नयाँ, गतिशील र अनपेक्षित सामाजिक परिस्थितिहरूमा गएर कसरी सञ्चार गर्ने भन्ने कुरा यसले सिकाउँदैन। विद्यार्थीले कक्षामा घोकेका व्याकरणका नियमहरू बाहिरी व्यावहारिक जीवनको सञ्चारमा हुबहु प्रयोग गर्न सक्दैनन्।

उपयोगिताका प्रशस्त पाटाहरू हुँदाहुँदै पनि नेपाली भाषा शिक्षणमा व्यवहारवादी सिद्धान्तको एकल प्रयोगले गम्भीर चुनौतीहरू सिर्जना गरेको यस अध्ययनको निष्कर्ष छ। बालबालिकाको भाषिक तथा बौद्धिक विकास उनीहरूको उमेर र संज्ञानात्मक परिपक्वता अनुसार चरणबद्ध रूपमा हुन्छ, जसलाई केवल यान्त्रिक अभ्यासमा सीमित गर्न मिल्दैन मंगल, सन् २०२२)। व्यवहारवादको सबैभन्दा ठुलो सीमा यो हो कि यसले विद्यार्थीलाई बाह्य पुरस्कार वा पुनर्बलमा बढी निर्भर बनाउँछ, जसले गर्दा उनीहरूको आन्तरिक उत्प्रेरणा र भाषाप्रतिको वास्तविक रुचि मर्न सक्छ। कक्षाकोठामा कण्ठस्थीकरण र यान्त्रिक अभ्यासमा मात्र जोड दिँदा विद्यार्थीहरू परीक्षामा व्याकरणका नियमहरू लेख्न त सक्षम हुन्छन्, तर व्यावहारिक जीवनमा आफ्ना मौलिक र सिर्जनात्मक विचारहरू अभिव्यक्त गर्न असमर्थ देखिन्छन्। यसले विद्यार्थीको साहित्यिक कल्पनाशिलता र समालोचनात्मक सोचलाई कुण्ठित बनाउँछ। यस चुनौतीलाई 'रिलेसनल फ्रेम थ्योरी' को चस्माबाट हेर्दा अझ स्पष्ट रूपमा बुझ्न सकिन्छ। 'रिलेसनल फ्रेम थ्योरी' (च्ँ० का अनुसार मानव भाषा केवल 'उत्तेजना-प्रतिक्रिया' को यान्त्रिक चक्र मात्र होइन, जहाँ हरेक कुराको लागि बाह्य पुनर्बल नै आवश्यक पर्छ। मानव भाषा केवल बाह्य उत्तेजना र प्रतिक्रियाको यान्त्रिक चक्र मात्र नभई एक सम्बन्धात्मक र संज्ञानात्मक प्रक्रिया हो (हेरेज र अन्य, सन् २००१)। नेपाली भाषाका अमूर्त र विशिष्ट बिम्बहरू, व्याङ्ग्यात्मक अभिव्यक्ति, उखान-टुक्काको लाक्षणिक अर्थ र कुनै पूर्वअनुभव वा अभ्यासविना सिर्जना गरिने नयाँ वाक्यहरूलाई व्यवहारवादले व्याख्या गर्न सक्दैन। नेपाली कक्षाकोठामा जब शिक्षकले भाषाको सामाजिक र व्यावहारिक पाटोलाई बिर्सेर केवल कण्ठ गराउने र यान्त्रिक रूपमा ढाँचा सिकाउने कुरामा मात्र ध्यान दिन्छन्, तब भाषा शिक्षण जीवन्त नभएर निरस र बोझिलो बन्न पुग्छ।

## निष्कर्ष

व्यवहारवादी सिद्धान्तले भाषा शिक्षणमा प्रयोग हुने तरिकाहरूको विचाराधीनता र अनुसन्धान प्रश्नहरूको विकासलाई प्रोत्साहित गर्दछ। यसले शिक्षणका क्रममा शिक्षक तथा विद्यार्थीहरुलाई सकारात्मक व्यवहारको महत्त्व, सम्बोधन, सम्बन्ध, समय र स्थानको प्रभाव, आचरण, औचित्य, बोधगम्यता, सम्पर्क र सङ्गठन गर्न प्रशिक्षण दिन्छ। तर परिणाम र छलफलको समग्र विश्लेषणले के देखाउँछ भने, नेपाली भाषा शिक्षणमा व्यवहारवादी सिद्धान्तलाई पूर्ण रूपमा त्याग्न पनि सकिँदैन र यसैमा मात्र सीमित रहन पनि मिल्दैन। प्राथमिक तहमा शुद्ध उच्चारण, वर्णविन्यास, र आधारभूत लेखनका लागि व्यवहारवादका सूत्र र पुनर्बलका प्रविधिहरू अपरिहार्य छन्। तर, जब विद्यार्थीको भाषिक विकास माध्यमिक तह वा सोभन्दा माथिल्लो स्तरमा पुग्छ, तब भाषाको सिर्जनात्मक, संज्ञानात्मक र सामाजिक आयामलाई सम्बोधन गर्न व्यवहारवाद अपूर्ण सावित हुन्छ। अतः नेपाली भाषा शिक्षकले कक्षाकोठामा अभ्यास र कण्ठस्थीकरणको परम्परागत ढाँचाबाट माथि उठेर विद्यार्थीलाई सामाजिक अन्तरक्रिया, अर्थपूर्ण विमर्श र आफ्ना मौलिक अनुभूतिहरू स्वतन्त्र रूपमा पोख्न पाउने गरी संज्ञानात्मक तथा सामाजिक-सांस्कृतिक सिद्धान्तहरूसँग यसको उचित समन्वय गर्नु नै उत्तम विकल्प देखिन्छ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६१). प्रारम्भिक नेपाली शिक्षण. विद्यार्थी पुस्तक भण्डार।

भट्टराई, देवीप्रसाद.(२०७४). *उच्चस्तरीय शैक्षिक मनोविज्ञान.* क्वेस्ट पब्लिकेशन प्रा.लि ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम, (२०६८). सामाजिक र मनोभाषा विज्ञान. विद्यार्थी पुस्तक भण्डार।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला (२०६१ ).*कक्षाकोठामा मनोविज्ञान.* एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०७२). शिक्षा मनोविज्ञान. एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस।

Hayes, S. C., Barnes-Holmes, D., & Roche, B. (2003). *Behavior analysis, relational frame theory, and the challenge of human language and cognition : A reply to the commentaries on Relational Frame Theory : A post-Skinnerian account of human language and cognition*. The Analysis of Verbal Behavior, 19, 39-54.

Mohamed Nawi, S. N. A., & Nordin, M. N. (2025). B.F. *Skinner's learning theory and teaching strategies for special education students. Special Education*, 3(1), 1-14.

Lightbown, P. M., & Spada, N. (2013). *How languages are learned* (4th ed.). Oxford University Press.

Cherry, K. (2022). *B. F. Skinner's life, theories, and influence on psychology*. Verywell Mind. https://www.verywellmind.com/b-f-skinner-biography-1904-1990-2795543

Mangal, S. K. (2022). Piaget's developmental psychology and its bearing on education. In S. K. Mangal, *Advanced educational psychology* (2nd ed., pp. 82-95). PHI Learning Private Ltd

Hayes, S. C., Barnes-Holmes, D., & Roche, B. (Eds.). (2001). *Relational Frame Theory: A post-Skinnerian account of human language and cognition*. Plenum Press.